आज मिति २०८२ माघ २५ गते आईतवार यस नार्पा भूमि गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका अध्यक्ष, श्री कोन्जो तेन्जीङ लामा ज्यूको अध्यक्षतामा बसेको बैठकको उपस्थिति तपसिल बमोजिम रह्यो ।

**तपसिल**

| क्र. सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कोन्जो तेन्जीङ लामा | गाउँ कार्यपालिका अध्यक्ष | |
| २ | श्री मेङमर फुन्चो लामा | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३ | श्री सोनाम तेजे लामा | वडा अध्यक्ष वडा नं. ५ | |
| ४ | श्री फूर्पा ठेले लामा | वडा अध्यक्ष वडा नं. १ | |
| ५ | श्री फुन्चोक वाङगे लामा | वडा अध्यक्ष वडा नं. २ | |
| ६ | श्री लाक्पा छेवाङ लामा | वडा अध्यक्ष वडा नं. ३ | |
| ७ | श्री कर्म ग्यान्जे लामा | वडा अध्यक्ष वडा नं. ४ | |
| ८ | श्री डोल्मा छिरिङ लामा | गाउँ कार्यापालिका सदस्य | |
| ९ | श्री फूर्पा याङ्जेन लामा | गाउँ कार्यापालिका सदस्य | |
| १० | श्री लाक्पा वुटि लामा | गाउँ कार्यापालिका सदस्य | |
| ११ | श्री छिउदा गुरुङ | गाउँ कार्यापालिका सदस्य | |
| १२ | श्री नाङसाङ वुटी घले | गाउँ कार्यापालिका सदस्य | |
| १३ | श्री पासाङ ढण्डी घले | गाउँ कार्यापालिका सदस्य | |
| १४ | श्री लक्ष्मण गौली | सदस्य सचिव | |
| | **अन्य उपस्थिति** | | |
| १५ | श्री खडक बोहरा | सहायक पाँचौं (प्रशासन) | |
| १६ | श्री बीरेन्द्र सिं बोहरा | एम.आई.एस.अपरेटर | |

CamScanner

**प्रस्तावहरु :**

१. समपुरक तथा विशेष अनुदान सम्बन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ उपर छलफल गर्दा राष्ट्रिय योजना आयोग, सिंहदरवारको मिति २०८२।०८।२६ गतेको सूचना अनुसार तपसिल बमोजिमका योजनाहरु प्राथमिकताका आधारमा माग गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | योजना तथा कार्यक्रम | अनुमानित लागत | प्राथमिकता नं. | कैफियत |
|---|---|---|---|---|
| **समपुरक** | | | | |
| १. | गाउँपालिका केन्द्र जोड्ने सडक योजना | | १ | क्रमागत |
| २ | बाल्ते खोला नदी नियन्त्रण योजना | | २ | |
| ३ | च्याँखु स्वास्थ्य चौकी निर्माण | | ३ | |
| **विशेष** | | | | |
| १ | च्याँखु एकीकृत वस्ती विकास योजना | | १ | क्रमागत |
| २ | फू गाउँ ढल निकास योजना | | २ | |
| ३ | गाउँपालिका केन्द्र जोड्ने सड्क अर्न्तगत तातोपानी भिर सडक खण्ड निर्माण । | | ३ | |

आज मिति २०८२ पौष २८ गते सोमबारका दिन यस नार्पा भूमि गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका अध्यक्ष, **श्री कोन्जो तेन्जीङ लामा** ज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकको उपस्थिति र निर्णयहरु तपसिल बमोजिम रह्यो ।

तपसिल

| क्र. सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कोन्जो तेन्जीङ लामा | गाउँ कार्यपालिका अध्यक्ष | |
| २ | श्री मेङमर फुन्चो लामा | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३ | श्री सोनाम तेजे लामा | वडा अध्यक्ष वडा नं. ५ | |
| ४ | श्री फूर्पा ठेले लामा | वडा अध्यक्ष वडा नं. १ | |
| ५ | श्री फुन्चोक वाङगे लामा | वडा अध्यक्ष वडा नं. २ | |
| ६ | श्री लाक्पा छेवाङ लामा | वडा अध्यक्ष वडा नं. ३ | |
| ७ | श्री कर्म ग्यान्जे लामा | वडा अध्यक्ष वडा नं. ४ | |
| ८ | श्री डोल्मा छिरिङ लामा | गाउँ कार्यापालिका सदस्य | |
| ९ | श्री फूर्पा याङ्जेन लामा | गाउँ कार्यापालिका सदस्य | |
| १० | श्री लाक्पा वुटि लामा | गाउँ कार्यापालिका सदस्य | |
| ११ | श्री छिउदा गुरुङ | गाउँ कार्यापालिका सदस्य | |
| १२ | श्री नाङसाङ वुटी घले | गाउँ कार्यापालिका सदस्य | |
| १३ | श्री पासाङ ढण्डी घले | गाउँ कार्यापालिका सदस्य | |
| १४ | श्री शुशिल लम्साल | सदस्य सचिव | |
| | अन्य उपस्थिति | | |
| १५ | श्री लक्ष्मण गौली | इन्जिनियर सातौं | |
| १६ | श्री खडक बोहोरा | प्रशासन सहायक | |
| १९ | श्री नारायण सिह साउद | प्रा.स | |
| २० | श्री बिरेन्द्र सिह बोहोरा | एम आइ एस अपरेटर | |

CS CamScanner

**प्रस्तावहरू**

१. मिति २०८२।०८।२८ गतेको गाउँ कार्यपालिकाको बैठकको निर्णयको कार्यान्वयन अवस्था र दोस्रो त्रैमासिक प्रगतीको समिक्षा सम्बन्धमा।

२. यार्चागुम्बु संकलन सम्बन्धमा।

३. च्याँखु स्थित संग्राहालयको भवन बहाल दिने सम्बन्धमा।

४. मेता- नाम्या खर्क हुँदै कोतो जोड्ने पदमार्ग निर्माणको TOR र COST ESTIMATE स्वीकृत सम्बन्धमा

५. वागल खोला तटबन्धन र नागढुंगा रातोभिर सडक योजना को भुक्तानी सम्बन्धमा।

६. आगामी आर्थिक वर्ष २०८३/८४ को लागि आय व्यय प्रक्षेपण सम्बन्धमा।

७. मिसन रोजगारी सम्बन्धमा ।

**निर्णयहरु**

१. प्रस्ताव नं १ माथि छलफल गर्दा मिति २०८२।०८।२८ गतेको गाउँ कार्यपालिकाको बैठकको निर्णयको कार्यान्वयन अवस्था र दोस्रो त्रैमासिक प्रगतीको समिक्षा गरियो।

२. प्रस्ताव नं २ माथी छलफल गर्दा जेठ महिनामा संकलन गरिने यार्चागुम्बाको संकलन प्रवेश अनुमती र शुल्क सम्बन्धमा स्थानीय CAMC संग संयुक्त बैठक बसी टुङग्याउने र यार्चागुम्बा, धुपजन्य, जडिबुटीजन्य, औषधीजन्य बनपैदावर संकलनको लागि नारफू स्थायी ठेगाना भएकाहरुको हकमा समान अवसर प्रदान गर्ने साथै जिम्बु र यार्चागुम्बा संकलनको लागि नारफू स्थायी ठेगाना भएकाहरुको हकमा कुनै रोकतोक नगर्ने निर्णय गरियो।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा च्याँखु स्थित संग्राहालयको २ कोठा र १ हल भएको भवनको बहालमा लगाउन न्यूनतम वार्षिक रु ४०,०००।०० तोकि सूचना प्रकाशन गर्ने निर्णय गरियो।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा मेता- नाम्या खर्क हुँदै कोतो जोड्ने पदमार्ग निर्माणको TOR र COST ESTIMATE स्वीकृत गर्ने निर्णय गरियो।

५. प्रस्ताव नं ५ माथी छलफल गर्दा गत आर्थिक वर्षमा कार्यालयको मिति २०८२/०१/२४ गतेको कार्यापालिकाको बैठकको निर्णय र मिति २०८२।०१।२५ गतेको गाउँसभाको निर्णयानुसार यस पालिका र उपभोक्ता समिति बिच भएको सम्झौता बमोजिम गत आर्थिक वर्षमा सम्पन्न भएका तर भूक्तानी बाँकी रहेका वागल खोला तटबन्धन र नागढुंगा रातोभिर सडक योजनाहरुको प्राबिधिक नाँपजाँच अनुसार चालु आर्थिक वर्षमा बिनियोजन गरिएको शीर्षकवाट भुक्तानी गर्ने निर्णय गरियो।

६. प्रस्ताव नं ६ माथी छलफल गर्दा आगामी आर्थिक वर्ष २०८३/८४ को लागि आय व्यय प्रक्षेपण अनुमोदन गरी सो को जानकारी अर्थ मन्त्रालय, सिहदरबार र आर्थिक मामिला मन्त्रालय गण्डकी प्रदेशलाई जानकारी दिने निर्णय गरियो।

७. मिसन रोजगारी अन्तर्गत देहायका कार्यक्रमहरू संचालन गर्ने निर्णय गरियो।

**देहाय**

CS CamScanner

ड्राईभर – १५ (उमेर समूह २० देखि ५० वर्षसम्मको लागि)
बेसिक र एडभान्स ईलेक्ट्रिसियन- ५
प्लम्बर- ५
ब्यूटिसियन/पार्लर- (४ जना महिला मात्र)
सिलाई-४ जना
धरौटी रकम ५०००|००
सहभागीहरु दैनिक हाजिर हुनु पर्ने अन्याथा धरौटी जफत हुने ।



CamScanner

आज मिति २०८२ मंसिर २८ गते आइतबारका दिन यस नार्पा भूमि गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका अध्यक्ष, श्री कोन्जो तेन्जीङ लामा ज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकको उपस्थिति र निर्णयहरु तपसिल बमोजिम रह्यो ।

तपसिल

| क्र. सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कोन्जो तेन्जीङ लामा | गाउँ कार्यपालिका अध्यक्ष | |
| २ | श्री मेङमर फुन्चो लामा | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३ | श्री सोनाम तेजे लामा | वडा अध्यक्ष वडा नं. ५ | |
| ४ | श्री फूर्पा ठेले लामा | वडा अध्यक्ष वडा नं. १ | |
| ५ | श्री फुन्चोक वाङगे लामा | वडा अध्यक्ष वडा नं. २ | |
| ६ | श्री लाक्पा छेवाङ लामा | वडा अध्यक्ष वडा नं. ३ | |
| ७ | श्री कर्म ग्यान्जे लामा | वडा अध्यक्ष वडा नं. ४ | |
| ८ | श्री डोल्मा छिरिङ लामा | गाउँ कार्यापालिका सदस्य | |
| ९ | श्री फूर्पा याङ्जेन लामा | गाउँ कार्यापालिका सदस्य | |
| १० | श्री लाक्पा वुटि लामा | गाउँ कार्यापालिका सदस्य | |
| ११ | श्री छिउदा गुरुङ | गाउँ कार्यापालिका सदस्य | |
| १२ | श्री नाङसाङ वुटी घले | गाउँ कार्यापालिका सदस्य | |
| १३ | श्री पासाङ ढण्डी घले | गाउँ कार्यापालिका सदस्य | |
| १४ | श्री शुशिल लम्साल | सदस्य सचिव | |
| | अन्य उपस्थिति | | |
| १५ | श्री लक्ष्मण गौली | इन्जिनियर सातौं | |
| १६ | श्री रुपा वली के.सी | लेखापाल | |
| १९ | श्री गणेश पुन | का.स | |

**प्रस्तावहरू**

१. मिति २०८२।०८।०७ गतेको गाउँ कार्यपालिकाको बैठकको निर्णयको कार्यान्वयन अवस्थाको समिक्षा सम्बन्धमा ।

२. Foundational Linguistic Work for Nar-Phu Language Curriculum Development कार्यको लागि TOR र COST ESTIMATE स्वीकृत सम्बन्धमा ।

३. मेता- नाम्या खर्क हुँदै कोतो जोड्ने पदमार्ग निर्माणको सम्भाव्यता अध्ययन सम्बन्धमा ।

**निर्णयहरु**

१ प्रस्ताव नं १ माथि छलफल गर्दा मिति २०८२।०८।०७ गतेको गाउँ कार्यपालिकाको बैठकको निर्णयको कार्यान्वयन अवस्था समिक्षा गरियो ।

२ प्रस्ताव नं २ माथी छलफल गर्दा Foundational Linguistic Work for Nar-Phu Language Curriculum Development कार्यको लागि TOR र रु १९८८३९३।२० बराबरको COST ESTIMATE स्वीकृत गरी कार्यालय प्रमुखलाई प्रकृया अगाडी बढाउन निर्देशन दिईएको निर्णय गरियो ।

३ प्रस्ताव नं ३ माथी छलफल गर्दा मेता- नाम्या खर्क हुँदै कोतो जोड्ने पदमार्ग निर्माणको सम्भाव्यता अध्ययन गर्नको लागि चालुगत बजेट अन्तर्गत पर्यटन प्रवर्द्धन कार्यक्रम शीर्षकबाट ५ लाख बराबर खर्च गर्ने गरियो ।



CamScanner

आज मिति २०८२ कार्तिक २८ गते शुक्रबारका दिन यस नार्पा भूमि गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका अध्यक्ष, श्री कोन्जो तेन्जीङ लामा ज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकको उपस्थिति र निर्णयहरु सपसिल बमोजिम रहयो ।

सपसिल

| क्र. सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कोन्जो तेन्जीङ लामा | गाउँ कार्यपालिका अध्यक्ष | |
| २ | श्री गेडमर पुन्चो लामा | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३ | श्री कर्मा तेन्जेन लामा | का.वडा अध्यक्ष वडा नं. ४ | KARMA |
| ४ | श्री फूर्पा ठेले लामा | वडा अध्यक्ष वडा नं. १ | |
| ५ | श्री फुन्चोक साङ्गो लामा | वडा अध्यक्ष वडा नं. २ | |
| ६ | श्री लाक्पा छेवाङ लामा | वडा अध्यक्ष वडा नं. ३ | |
| ७ | श्री पेमा धार्जे लामा | का.वडा अध्यक्ष वडा नं. ४ | |
| ८ | श्री डोल्मा छिरिङ लामा | गाउँ कार्यापालिका सदस्य | |
| ९ | श्री फूर्पा याङ्जेन लामा | गाउँ कार्यापालिका सदस्य | |
| १० | श्री लाक्पा वुटि लामा | गाउँ कार्यापालिका सदस्य | |
| ११ | श्री छिउदा गुरुङ | गाउँ कार्यापालिका सदस्य | |
| १२ | श्री नाङसाङ वुटी घले | गाउँ कार्यापालिका सदस्य | |
| १३ | श्री पासाङ ढण्डी घले | गाउँ कार्यापालिका सदस्य | |
| १४ | श्री शुशिल लम्साल | सदस्य सचिव | |
| | अन्य उपस्थिति | | |
| १५ | लक्ष्मण गौली | इन्जिनियर (सातौं) | |
| १६ | महेश पाखिन | कृषि अधिकृत | |
| १७ | रुपा वली के.सी. | लेखापाल | |
| १८ | बीरेन्द्र सिंह बोहरा | एम.आई.एस. अपरेटर | |

**प्रस्तावहरु :**

१. अघिल्ला कार्यपालिकाको बैठकको निर्णयको कार्यान्वयन सम्बन्धमा ।

२. CONSULTING SERVICES FOR Detailed Engineering Survey, Soil Investigation, Hydrological Study and Detailed Design of Primary Gateway Bridge To Narpa Bhumi Rural Municipality Over Marsyangdi River at Chame Rural Municipality Ward No . 3 को भुक्तानी सम्बन्धमा ।

३. the highest view point park निर्माण योजनाको नाम शंसोधन सम्बन्धमा ।

४. गत आर्थिक वर्षको भुक्तानी बाँकी सम्बन्धमा ।

५. बेरुजु फर्छ्यौट सम्बन्धमा ।

**निर्णयहरु**

१. प्रशताव नं १ माथि छलफल गर्दा मिति २०८२।०६।५ गतेको गाउँ कार्यपालिकाको बैठकको निर्णयको कार्यान्वयन अवस्था समिक्षा गरियो ।

२. प्रशताव नं २ माथि छलफल गर्दा CONSULTING SERVICES FOR Detailed Engineering Survey, Soil Investigation, Hydrological Study and Detailed Design of Primary Gateway Bridge To Narpa Bhumi Rural Municipality Over Marsyangdi River at Chame Rural Municipality Ward No . 3 कार्य सम्पन्न भएकोले सम्झौता बमोजिमको रकम भुक्तानी गर्ने ।

३. प्रशताव नं ३ माथी छलफल गर्दा The highest view point park निर्माण योजनाको नाम The highest point park निर्माण" कायम गर्ने निर्णय गरियो ।

४. प्रशताव नं ४ माथी छलफल गर्दा गत आर्थिक वर्षको भुक्तानी बाँकी रहेका देहायको भुक्तानीहरु नियमानुसार भुक्तानी गर्ने निर्णय गरियो ।

**देहाय**

| खर्च उपशीर्षक | कार्यक्रमको नाम | भुक्तानी पाउनेको विवरण | रकम | कैफियत |
|---|---|---|---|---|
| ३११२३ | सूचना, पत्रपत्रिका तथा छपाई | Mhendo Design & print house pvt ltd kathmandu<br>pan no 603566288 | रु १६०४६०।०० भ्याट सहित | |
| २२३१५ | फर्निचर तथा फिक्चर्स | क्वालिटि फर्निचर इण्डष्ट्रिज, काठगाण्डौ<br>TPIN no. 500070572 | रु १२०२३२।०० भ्याट सहित | |

५. प्रस्ताव नं. ५ माथी छलफल गर्दा लेखा समितिवाट पेश हुन आएका देहाय बमोजिमका बेरुजुहरु फर्छयौट गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**देहाय**

देहायका अनियमित बेरुजुहरु नियमित गरी फर्छ्यौट गर्ने तथा अनुमोदनका लागि कार्यपालिकामा पेश गर्ने निर्णय गरियो।

१.

| आ.व. | दफा | रकम | कैफियत |
|---|---|---|---|
| २०८१।८२ | १८ | १७१०००।०० | फरक शीर्षक पारि खरिद भएको । |

**खर्च नियमितको पुष्ट्याईः**

आ.व. २०८१।८२ मा आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद शीर्षकमा शसर्त बजेट प्राप्त भएको । सो शीर्षकवाट औषधी लगायत steel cupboard, weight machine र auto clave machine समेत खरिद भएको । शसर्त अनुदान कार्यविधी अनुसार रित नपुगेको भएता पनि सो सामाग्रीहरु औषधी जस्तै स्वास्थ्य संस्थामा मात्र प्रयोग आउने र बिरामीसँग प्रत्यक्ष रुपमा सम्बन्धित भएको हुँदा औषधी उपचार गर्ने क्रममा प्रयोग भएका सामानहरुलाई निर्मलिकरण गर्नको लागि auto clave machine आवश्यक भएको, बिरामीको तौल नाप्न तथा खरिद भएका औषधीहरुको व्यवस्थित रुपमा भण्डारणको लागि दराज अति आवश्यक भएको हुँदा आन्तरिक स्रोत समेत न्यून रहेकोले उक्त सामाग्रीहरु खरिद गर्नै पर्ने अवस्थामा आन्तरिक स्रोतमा परेको चापले खरिद भएको सो सामानको खरिद, खर्च र उपयोगितमा कुनै शंसय नरहेको र आगामी दिनहरुमा यस्तो अवस्था आउन नदिन बजेट तर्जुमा प्रक्रियामा विशेष ध्यान दिइने कुरामा पूर्ण सजग र खर्चको मितव्ययी र प्रभावकारितामा जोड दिनेछौं । यस कारण आगामि दिनमा कानून कार्यविधिको अक्षरंश पालना गर्न प्रतिबद्द रहि यो खर्च नियमित गर्न मनासिब देखिन्छ ।

२.

| आ.व. | दफा | रकम | कैफियत |
|---|---|---|---|
| २०८१।८२ | २७ | १००९६८४।०० | कर्मचारी प्रोत्साहन । |

प्रमुख प्रशासकीय अधिकृत

**खर्च नियमितको पुष्ट्याईः**

यस नार्पा भूमि गाउँपालिकाको मिति २०८२।०३।२३ गतेको गाउँसभावाट "कर्मचारी भनेको सरकार र नागरिकको सम्बन्ध सेतु तथा विकासका वाहक हुन । आर्थिक वर्षको अन्तिम ३ महिनामा कामको चाप बढ्ने हुंदा कर्मचारीहरु कार्यालय समयको अतिरिक्त समय समेत काममा खटिनु परेको हुंदा तथा वर्षभरीको कायसम्पादन सन्तोषजनक रहनुका साथै चालु आर्थिक वर्षमा कुनै पनि थप स्थानीय प्रोत्साहनको व्यवस्था नरहेको हुंदा कर्मचारीका मनोबलमा कुनै कमी हुन नदिन यो आर्थिक वर्षको लागी एकमुष्ठ रुपमा वजेट सिमाले पुगेसम्म १ महिनाको शुरु तलव स्केल बराबरसम्म तर बजेट सिमाले नधाने दामासाही रुपमा थप प्रोत्साहन रकम दिने निर्णय गरियो ।" भनि निर्णय नं ७ मा निर्णय भएको । स्थानीय तहका कर्मचारीको थप सेवा सुबिधाको लागि आन्तरिक स्रोतवाट खर्च ब्यहोरिने गरि स्थानीय कानुन बमोजिम हुने व्यवस्था रहेकोमा कर्मचारीको मनोबल बढाउन गाउँ सभावाट निर्णय गरी सम्मानिकरण अनुदानवाट प्रोत्साहन भत्ता भुक्तानि गरिएको । कर्मचारी समायोजन ऐन, २०७५ को दफा २३ मा प्रोत्साहन सुविधा सम्बन्धमा "(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि प्रदेश वा स्थानीय तहको सेवामा समायोजन भएका अन्य सेवाका कर्मचारी र साविकमा तहगत रुपमा रही समान तहमा प्रदेश वा स्थानीय तहको सेवामा समायोजन भएका सरकारी सेवाका कर्मचारीको हकमा निजहरुको नियुक्ती, शैक्षिक योग्यता र सेवा अवधिको आधारमा मापदण्ड बनाई प्रोत्साहन सुविधाको व्यवस्था गर्न सकिनेछ। (२) यस ऐन बमोजिम प्रदेश वा स्थानीय तहको सेवाको पदमा समायोजन भएका वा खटिएका कर्मचारीलाई नेपाल सरकारले गरेको भौगोलिक वर्गीकरणको आधारमा सम्बन्धित प्रदेश वा स्थानीय तहले थप प्रोत्साहन सुविधा उपलब्ध गराउन सक्नेछ।" भनि व्यवस्था रहेको । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६ बमोजिम "स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्न्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुनेछ ।" भनि उल्लेख भएको । यस सम्बन्धमा गाउँपालिकाको मिति २०८२।०३।२३ गतेको १८ औं गाउँसभावाट नार्पा भूमि कर्मचारी प्रोत्साहन भत्ता कार्यविधि, २०८२ पारित गरि आ.व. २०८२।८३ को लागि आन्तरिक स्रोतवाट खर्च हुने गरि बजेट विनियोजन गरिएको छ । यसरी दुर्गम ठाउँमा कार्यरत कर्मचारी टिकाउन तथा उच्च मनोबलको साथ काम गर्नको लागि व्यवस्था गरिएको सुबिधालाई नियमित गर्न मनासिब देखिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

३.

| आ.व | दफा | रकम | कैफियत |
|---|---|---|---|
| २०८१।८२ | ३४१ क | ६३१९०९०।०० | स्वीकृत कार्यक्रम विपरित खर्च । |

**खर्च नियमितको पुष्ट्याईः**

आर्थिक बर्ष २०८१/८२ को नीति, बजेट तथा कार्यक्रमको संकेत नं. ५२८.२१.१.२२७ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान) पुँजीगतमा वागल खोलामा RCC तटवन्ध निर्माण कार्यक्रमको लागि १,१५,००,०००।०० विनियोजन भएकोमा यस पालिकाले वागल खोलामा PCC तटवन्ध निर्माण कार्य गरेको छ । वागल खोलाले गाँउ बस्ति नै धराप हुने गरी धैरै नदि कटान गरेको अवस्थामा जति सक्दो छिटो तटबन्ध लगाउनु पर्ने अति आवश्यक रहेको । RCC तटबन्ध निर्माण गर्दा छडहरु ढुवानि गरि लैजानु पर्ने यसरी छड ढुवानी गर्दा बङ्गाएर खच्चरमा लैजानुको विकल्प नभएको र छड बङ्ग्याएर लगेको छड पुनः सोझो बनाउँदा छडको आयुमा ह्रास आउने र ज्याला समेत बढी लाग्ने हुँदा उल्लेखीत बजेटसिमा रकमवाट खोलामा लामो तथा धैरै संरचना बनाउन नसकिने हुँदा स्थानीय आवश्यकतालाई तत्काल सम्बोधन गर्नु पर्ने अन्यथा यसको क्षति भयंकर हुने हुँदा क्षतिलाई न्यूनिकरण गर्न PCC तटबन्ध लगाइएको हो । तथापी उक्त कार्य कार्यक्रम विपरित देखिएता पनि जनताको हित विपरित भएको छैन । उक्त कार्यवाट धैरै घरधुरि लाभान्वित भएका छन् र यसको खर्चको प्रभावकारितामा कुनै संका देखिने अवस्था रहेको छैन । वडा स्तरीय तथा पालिका स्तरीय दुवै अनुगमन समितिवाट अनुगमन गराई उक्त कार्य पूर्ण रुपमा सन्तोषजनक रहेको देखिँ भुक्तानी गरिएको कुरामा कुनै कसुर रहेको छैन । वास्तवमा संघीयताको सुन्दर विशेषता नै स्थानीयको माग र आवश्कता सम्बोधन गर्नु हो सोहि बमोजिम वित्तीय संघीयताको मर्म विपरित नहुने गरि कार्य सम्पादन भएको हुँदा र आगामी दिनहरूमा कार्यक्रम विपरित हुने गरी यस्ता कार्य नगर्ने नगराउने प्रतिबद्दता सहित यो खर्चलाई नियमित गर्न आवश्यक देखिन्छ ।

प्रमुख प्रशासकीय अधिकृत

४.

| आ.व | दफा | रकम | कैफियत |
|---|---|---|---|
| २०८१।८२ | ३६ | ५७६२३।०० | एउटै कार्यमा दोहोरो नर्म्स प्रयोग भएको |
| २०८१।८२ | ३७ | १०८१८१।०० | |

**खर्च नियमितको पुष्ट्याईः**

तेरिलाको ट्र्याक ओपन पैदलमार्ग निर्माण कार्यको लागी पालिका र तेरिलाको ट्र्याक ओपन पैदलमार्ग निर्माण उपभोक्ता समिति वीच रु १०,५६,६९८।५० को लागत अनुमानमा र झुनाम देखी च्याँखु जाने बाटो निर्माण कार्यको लागि पालिका र झुनाम देखी च्याँखु जाने बाटो निर्माण उपभोक्ता समिति विच रु १०५६३३९।३९ को लागत अनुमानमा कार्य सम्पादन सम्झौता भएको । यस निर्माण कार्यको लागि लागत अनुमान तयार गर्दा बाटो खन्ने कार्यको लागि सडक विभागको नर्म्स प्रयोग गरिएको छ भने Dry Stone Masonry कार्यको लागि शहरी विकास तथा भवन निर्माण विभागको नर्म्स प्रयोग भएको छ । निर्णय निर्माणमा विगतमा गरिएका प्रशासनिक अभ्यासलाई समेत आधार लिइने हाम्रो प्रशासनिक परिपाटीलाई अङगाल्दा अगाडीको समयमा जुनसुकै नर्म्स प्रयोग गरेता पनि त्यस्तो कार्यलाई समर्थन गरिने परिपाटी अनुसार दुई वटा फरक फरक सडक र भवन निर्माणको नर्म्सको प्रयोग हुन पुगेको हो । उपभोक्ता समितिवाट कार्य गराउँदा उपभोक्ता समितिले अनिवार्य रुपमा लागत अनुमानको १०% योगदान गर्नुपर्ने कानूनी व्यवस्थाको आधारमा सो बराबरको रकम समेत कट्टा गरि भुक्तानी गरिएको छ । दोहोरो नर्म्सको प्रयोगवाट बढी आर्थिक भार भएको सत्यतालाई कानुनसम्मत स्कीकार गर्दै यस्ता कार्यलाई आगामि दिनहरुमा पुर्ण रुपमा बन्देज गरी मितव्ययी हुने गरि नर्म्स प्रयोगमा एकरुपता कायम हुने गरि कार्यक्रम सञ्चालन गर्ने गराउने प्रतिबद्दता सहित उक्त कार्यको गुणस्तर र प्रभावकारितामा कुनै संका नभएको हुँदा यस खर्चलाई नियमित गर्न मनासिब देखीन्छ ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

मिति २०८२ मंसिर ०७ गते आईतबारका दिन यस नार्फो भूमि गाउँपालिका, गाउँ कार्यपालिकाको
र्यालयका अध्यक्ष, श्री कोन्जो तेन्जीङ लामा ज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकको
पस्थिति र निर्णयहरु तपसिल बमोजिम रहयो ।

तपसिल

| क्र. सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कोन्जो तेन्जीङ लामा | गाउँ कार्यपालिका अध्यक्ष | |
| २ | श्री मेङमर फुन्चो लामा | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३ | श्री कर्मा तेन्जेन लामा | का.वडा अध्यक्ष वडा नं. ५ | |
| ४ | श्री फूर्पा ठेले लामा | वडा अध्यक्ष वडा नं. १ | |
| ५ | श्री फुन्चोक वाङगे लामा | वडा अध्यक्ष वडा नं. २ | |
| ६ | श्री लाक्पा छेवाङ लामा | वडा अध्यक्ष वडा नं. ३ | |
| ७ | श्री पेमा धार्जे लामा | का.वडा अध्यक्ष वडा नं. ४ | |
| | श्री डोल्मा छिरिङ लामा | गाउँ कार्यापालिका सदस्य | |
| ९ | श्री फूर्पा याङ्जेन लामा | गाउँ कार्यापालिका सदस्य | |
| १० | श्री लाक्पा वुटि लामा | गाउँ कार्यापालिका सदस्य | |
| ११ | श्री छिउदा गुरुङ | गाउँ कार्यापालिका सदस्य | |
| १२ | श्री नाङसाङ वुटी घले | गाउँ कार्यापालिका सदस्य | |
| १३ | श्री पासाङ ढण्डी घले | गाउँ कार्यापालिका सदस्य | |
| १४ | श्री शुशिल लम्साल | सदस्य सचिव | |
| | अन्य उपस्थिति | | |
| १५ | लक्ष्मण गौली | इन्जिनियर (सातौं) | |
| १६ | महेश पाख्रिन | कृषि अधिकृत | |
| १७ | रुपा वली के.सी. | लेखापाल | |
| १८ | बीरेन्द्र सिंह बोहरा | एम.आई.एस. अपरेटर | |

CamScanner

**प्रस्तावहरू**

१. मिति २०८२।०७।२८ गतेको गाउँ कार्यपालिकाको बैठकको निर्णयको कार्यान्वयन अवस्था र चौमासिक प्रगतीको समिक्षा सम्बन्धमा ।

२. नार्पा भुमि गाउँपालिकाको बजार अनुगमन निर्देशिका, २०८२

३. नार्पा भूमि गाउँपालिकाको मिशन रोजगारी सम्बन्धी कार्यविधी, २०८१

४. नार्पा भुमि गाउँपालिकाको ब्युटिफिकेशन सम्बन्धी कार्यविधी, २०८२

५. भ्रमण सम्बन्धमा ।

६. हिउँदे बिदा सम्बन्धमा।

७. सार्वजनिक सम्पतीको संरक्षण सम्बन्धमा ।

८. वन लसुन संकलन तथा दाउरा कटान सम्बन्धमा ।

**निर्णयहरु**

१ प्रश्ताव नं १ माथि छलफल गर्दा मिति २०८२।०७।२८ गतेको गाउँ कार्यपालिकाको बैठकको निर्णयको कार्यान्वयन अवस्था र चौमासिक प्रगतीको समिक्षा गरियो ।

२ प्रश्ताव नं २ माथी छलफल गर्दा नार्पा भूमि गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका विभिन्न होटल तथा पसलहरूको अनुगमन गर्नको लागि नार्पा भूमी गाउँपालिकाको बजार अनुगमन निर्देशिका, २०८२ पारित गरियो ।

३ प्रश्ताव नं ३ माथी छलफल गर्दा नार्पा भुमि गाउँपालिकाको युवायुवतीहरूलाई स्वरोजगार बनाउने उदेश्यले नार्पा भूमि गाउँपालिकाको मिशन रोजगारी सम्बन्धी कार्यविधी, २०८२ पारित गरियो ।

४ प्रश्ताव नं ४ माथी छलफल गर्दा नार्पा भूमि गाँउपालिकाभित्र रहेका हिमश्रृङखला, नारफू ट्रायाल, हिमाल आरोहणका बेसक्याम्प, पास, भञ्ज्याङहरुको सौन्दर्यकरण तथा व्यवस्थित गर्न, प्राचिन र पुरातात्विक

प्रमुख प्रशासकीय अधिकृत

महत्वका संरचना र भग्नावशेषहरुको संरक्षण, जगेर्ना तथा प्रचार-प्रसार गर्ने, प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता र पर्यटन सम्भावनाले सम्पन्न नार्पा भूमि गाउँपालिकालाई पर्यटकमैत्री, हरियालीयुक्त र आधुनिक शहरी स्वरुपमा विकास गर्दै आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्ने, सार्वजनिक स्थानहरुको व्यवस्थित व्यवस्थापन, सौन्दर्यकरण, पर्यटकका लागि आवश्यक आधारभूत पूर्वाधारको निर्माण तथा संरक्षण कार्यलाई संस्थागत ढंगले अगाडि बढाउन, गाउँपालिकाको भौतिक पूर्वाधारमा सुधार गर्ने, गाउँपालिका भित्र रहेका हिमश्रृङ्खला, पर्यटनको प्रवर्द्धन गरी स्थानीय आय वृद्धि गर्ने र सामुदायिक जीवनस्तर उकास्न नार्पा भुमि गाउँपालिकाको ब्युटिफिकेशन कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधी, २०८२ पारित गरियो ।

५ प्रश्ताव नं ५ माथी छलफल गर्दा चालु आर्थिक वर्ष २०८२।८३ मा रहेको असल अभ्यास कर्मचारी भ्रमण र माहिला स्वास्थ्य स्वयंम सेविका कार्यक्रम अन्तर्गत अन्य पालिकाको असल अभ्यास सिकाईको लागि भ्रमण स्वीकृति गरियो ।

६ प्रश्ताव नं ६ माथी छलफल गर्दा यस पालिकामा अत्याधिक चिसो कारण मंसिर १६ गते देखि चैत्र १५ गते सम्म पालिका केन्द्र च्याँखुवाट प्रदान गरिदै आएको सबै सेवा मानाङ जिल्ला सदरमुकाम चामे स्थित कोतो भन्ने ठाउँवाट प्रदान गर्ने निर्णय गरियो ।

७ प्रश्ताव नं ७ माथि छलफल गर्दा सार्वजनिक सम्पतीको सुरक्षा र संरक्षण गर्ने सबै नागरिकको संवैधानिक कर्तव्य रहेको हुँदा नार्पावासी नागरिक, कर्मचारी र जनप्रतिनिधिले सार्वजनिक सम्पती व्यक्तिगत प्रयोजनमा प्रयोग नगर्ने र सो को उचित संरक्षण गर्ने निर्णय गरियो ।

८ प्रश्ताव नं ८ माथि छलफल गर्दा नार्पा भुमि गाउँपालिका क्षेत्रभित्र अनाधिकृत रुपमा बढ्दै गएको वन लसुन संकलन कार्य र दाउरा कटान रोक्न सार्वजनिक सूचना जारी गर्ने तथा अटेर गर्ने व्यक्तीलाई सख्त कारवाही गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत